# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

प.सं. ०७७।०७८
च.नं. ४२५

मिति २०७७।०४।३२

### हार्दिक अपिल

चिनबाट सुरु भई सारा विश्वलाई नै आक्रान्त बनाइरहेको कोरोना भाइरस (कोभिड १९) को महामारीको प्रभाव पछिल्लो समयमा नेपालमा पनि तीव्र रुपमा बढिरहेको हामी सबैलाई विदितै छ । यसैले कोरोना भाइरस समुदायस्तरमा नै फैलन सक्ने उच्च जोखिमलाई मध्यनजर गर्दै पूर्वी चितवनका स्थानीय तहहरु राप्ती, खैरहनी, रत्ननगर र कालिका नगरपालिकाका प्रमुखहरुको संयुक्त बैठक मिति २०७७।०४।३२ मा बसी जिल्ला प्रशासन कार्यालय, चितवनद्वारा घोषणा गरिएको निषेधाज्ञाको जानकारी एवं पूर्णपालनाको लागि सुचित गरिन्छ । यस निषेधाज्ञामा जिल्ला प्रशासन कार्यालय चितवनले तोकेका अत्यावश्यक सेवाहरुलाई बिहान ५:०० बजेदेखि ८:०० बजेसम्म र साँझ ५:०० बजेदेखि ८:०० बजेसम्म हुने गरी सञ्चालनको व्यवस्था गर्न गराउन सम्बन्धित सरोकारवालाहरुलाई आग्रह गरिन्छ । साथै राप्ती नगरपालिकाका जनप्रतिनिधि तथा अन्य सम्बद्ध महानुभावहरुलाई संक्रमितहरुको पहिचान तथा कन्ट्याक ट्रेसिङ्ग लगायतका कार्यमा खटिई सहयोग गरिदिनुहुन अनुरोध गर्दछु । यस अवधिमा नगरपालिकाबाट अत्यावश्यक सेवा मात्र प्रदान हुने हुँदा आम नगरवासी तथा सेवाग्राही महानुभावहरुलाई यसै अपिल मार्फत् जानकारी गराउँदे एक हप्ता घरभित्रै रहन, कोरोना रोगको शंका लागेमा उच्च मनोबलका साथ सुरक्षा सावधानी अपनाई नजिकको स्वास्थ्य संस्था तथा वडा कार्यालयलाई जानकारी गराउनु भई परिस्थितिजन्य निषेधाज्ञालाई पूर्ण रुपमा कार्यान्वयन गरी सहयोग गरिदिनुहुन सम्पूर्ण राप्ती नगरवासीहरुलाई हार्दिक अपिल गर्दै देहाय बमोजिमका क्रियाकलापहरु गर्नु गराउनुहुन अनुरोध गर्दछु । धन्यवाद !

**निषेधाज्ञामा सञ्चालन गर्न पाइने क्रियाकलापहरु :-**

- दमकल, एम्बुलेन्स, औषधी पसल, अस्पतालहरु, स्वास्थ्यकर्मी, सञ्चारकर्मी, इन्धनका ट्याङ्कर, पशुपंक्षीका दाना ढुवानी गर्ने साधन, अत्यावश्यक काममा खटिने कर्मचारी, राजमार्गमा चल्ने मालबाहक सवारी साधन र अन्य अनुमित लिएका सवारी साधन, पेट्रोल पम्प (निर्वाध रुपमा)
- दुध डेरी, फलफूल, तरकारी, पानी, खाद्यान्न पसल, ग्यास डिपो तथा अन्य अत्यावश्यक सेवा प्रवाह गर्ने निकायहरु तोकिएको समय बमोजिम ।

**निषेधाज्ञामा सञ्चालन गर्न नपाइने क्रियाकलापहरु :-**

- शैक्षिक संघ संस्थाहरु, बैंक तथा वित्तीय संस्थाहरु
- सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनारहरु
- सबै प्रकारका प्रदर्शन, भेला, सम्मेलन, चलचित्र भवन, पार्टी प्यालेस, डान्सबार, होटल रेष्टुरेन्ट तथा मनोरञ्जन स्थल, पुस्तकालय, स्वीमिङ पुल, जिमखाना, सपिङ मल, धार्मिक क्रियाकलाप, राजमार्ग तथा अन्य सडकहरुमा सवारी अनुमति बिनाका सबै प्रकारका सवारी साधनहरु, उद्योग कलकारखाना, सबै प्रकारका पसलहरु ।

मिति : २०७७ श्रावण ३२ गते ।

प्रभा बराल (पौडेल)
प्रमुख